नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा नेपाल

जिल्ला विपद् व्यवस्थापन समिति (DDMC), सिरहाको बैठक ;

प्रमुख जिल्ला अधिकारी प्रदीपराज कणेलको अध्यक्षतामा आज मिति २०७८/०२/२४ गते मङ्गलवारका दिन जिल्ला प्रशासन कार्यालय, सिरहामा बस्यो ।

**विशेष उपस्थिति :**

समन्वय प्रमुख - श्री राम चन्द्र ठाकुर, जिल्ला समन्वय समितिको कार्यालय, सिरहा

नगर प्रमुख – श्री हरि नारायण चौधरी, धनगढीमाई नगरपालिकाको कार्यालय,सिरहा

**उपस्थिति:**

प्रमुख जिल्ला अधिकारी, श्री प्रदीपराज कणेल, जिल्ला प्रशासन कार्यालय, सिरहा - संयोजक

प्रमुख सेनानी, श्री जितेन्द्र कुमार गौली, शेर गण चोहर्वा, सिरहा

प्रहरी उपरीक्षक, श्री हिरा वहादुर पाण्डे , जिल्ला प्रहरी कार्यालय, सिरहा

सशस्त्र प्रहरी उपरीक्षक, श्री दिपेन्द्र गिरी , सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हे.क्वा. , सिरहा

उप.अनु. निर्देशक, श्री तुलसीराम प्रसाई, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, सिरहा

जिल्ला समन्वय अधिकारी, श्री सुजित कुमार यादव, जिल्ला समन्वय समितिको कार्यालय, सिरहा

प्रमुख प्रशासकीय अधिकृत, श्री गोपाल प्रसाद बगाले, धनगढीमाई नगरपालिकाको कार्यालय, सिरहा

आयोजना प्रमुख, श्री एकराज भट्टराई, कमला नदी नियन्त्रण आयोजना कार्यालय, धनुषा

स्वास्थ्य प्रमुख, श्री कृष्ण देव यादव, स्वास्थ्य कार्यालय, सिरहा

सूचना अधिकारी, श्री विजय कुमार झा, जलस्रोत सिचाई विकास डिभिजन, सिरहा

सभापति, श्री राजदेव यादव, नेपाल रेडक्रस सोसाइटी, सिरहा

प्रशासकीय अधिकृत माधव राज ओझा। जि. प्रशासन कार्यालय, सिरहा

क्रमश: ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा नेपाल

# जिल्ला विपद् व्यवस्थापन समिति (DDMC), सिरहाको बैठक मिति २०७८/०२/२४ गते।

## बैठकको कारवाही एवम् निर्णय

१. जिल्ला विपद् व्यवस्थापन समिति (सिरहा) को मिति २०७८/०१/१३ बैठकको निर्णय नं. ४ एवम् DCCMC/DDMC को २०७८/०१/२८ को निर्णय नं. १२ अनुरुप ;

सिरहा जिल्लाको " नदी नियन्त्रण " कार्य २०७८ को वर्षायाम अगावै - सम्वद्ध नदी नियन्त्रण आयोजना र स्थानीय तह (न.पा./गा.पा.) समेतले प्रारम्भ गर्ने भनी भएको निर्णयको कार्य प्रगति वारे समीक्षा गरियो।

सो अनुरुप देहाय अनुरुप गर्ने गराउने।

- २०७८ सालको वर्षायाममा नजिकि रहेको हुँदा सिरहा जिल्ला स्थित कमला, बलान, घुर्मी, मैनावती , गागन, सरे, बतहा, डिमा लगायतका नदी तथा खहरे खोला समेतको मुख्य मुख्य जोखिम विन्दुको पहिचान गरी नदी नियन्त्रण आयोजना सम्वद्ध विषयगत निकाय स्थानीय तह तथा सुरक्षा निकायहरुबाट समेत समन्वयात्मक रुपमा जोखिमयुक्त स्थानको तटवन्ध बनाउन पहल गर्ने लगायतका सवै नदीहरुको संभावित कटान क्षेत्रको पहिचान गरी समयमै कटान नियन्त्रण गर्न सम्वन्धित हरेक स्थानीय तह सँग समेत समन्यात्मक रुपमा जोखिम स्थानको तटबन्ध बनाई प्रतिवेदन गर्ने।
- आकस्मिक नदी नियन्त्रणकालागि तार जाली व्यवस्थापन गर्ने।

२. वर्षेनी कटान डुवान गर्ने " कमला नदी " को नदी नियन्त्रण कार्यकालागि ;

कमला नदी नियन्त्रण आयोजनाबाट आ.ब. २०७७/०७८ मा सिरहा न.पा. को खर्सलवा, पटेर्वा, वेल्हा लगायतका स्थानमा Revetment मर्मत सम्भारको कार्य, वताहा पूल निर्माण कार्यहरु सम्पन्न भएका तथा सिरहा न.पा. सारस्वरमा AFS निर्माण कार्य, कल्याणपुर न.पा. वडा नं. ५ निर्दाना र चिकनामा स्पर निर्माण कार्यहरु भई रहेको र निर्माणाधिन कार्यहरुको भुक्तानीकोलागि बजेट न्यून भई अर्थ मन्त्रालयमा बजेट व्यवस्थापनको पहल गरिएको जानकारी प्राप्त भयो। उक्त कार्यहरु लगायत तटबन्धका जोखिम स्थानहरु कर्जन्हा, बल्टिया, कल्याणपुर न.पा., इटारी प्रसाही, सिरहा न.पा. १२, १३ मा तटबन्ध संरचना निर्माण तथा मर्मत सम्भार र तटबन्धको सडकलाई बाढीका बखत बैकल्पिकमार्गको रुपमा शुरु देखी अन्त्यसम्म आवत जावत गर्न सक्ने गरी मर्मत गर्न आपतकालिन पूर्व सामाग्री खरिद कार्य गर्न आवश्यक आर्थिक स्रोतकोलागि श्री गृह मन्त्रालय मार्फत उर्जा जलस्रोत तथा सिचाई मन्त्रालय र अर्थ मन्त्रालयलाई अनुरोध गर्ने।

साथै वर्षा याममा आकस्मिक रुपमा नदी नियन्त्रण कार्य गर्न सो कमला नदी नियन्त्रण आयोजनालाई रुपैया- १,००,००,०००/- ( रुपैया- एक करोड मात्र) निकासा हुन श्री गृह मन्त्रालय मार्फत श्री उर्जा जलस्रोत तथा सिचाई मन्त्रालयमा अनुरोध गर्ने।

प्रमुख जिल्ला अधिकारी

३. हुलाकी सडक आयोजना मातहत निर्माणधीन धनुषा सिरहा – खण्ड कमला नदीको बसविट्टा घाटको " कमला पुल " र सप्तरी सिरहा खण्डको बलान नदीको " बलान पुल " २०७८ को असार १५ भित्रै मानिस र हलुका सवारी साधन ओहर दोहर हुन सक्ने काम गर्न हुलाकी सडक आयोजना कार्यालयमा अनुरोध गर्ने ।

४. सिरहा-धनुषा-उदयपुर खण्डको कमला नदीको उत्तरायण घाटको निर्माणाधीन पुल छिटो सम्पन्न हुन श्री गृह मन्त्रालय मार्फत श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा अनुरोध गर्ने ।

५. जिल्ला प्रशासन कार्यालय सिरहाबाट ;

क) मिति २०७७/०४/०१ बाट २०७८/०२/२४ सम्म विपद् पीडितलाई वितरित देहायको राहत रकम बैठकबाट अनुमोदन गरियो ।

| क्र.स. | निर्णय मिति | प्रकोपको किसिम | स्थान | राहत रकम | पाउने ब्यक्ति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २०७७/०४/१८ | बाडी तथा डुबान | बलान खोला | १०००००/- | राम औतार ठाकुर | मृत्यु भएको |
| २ | २०७७/०४/०२ | आगलागी | लक्ष्मीपुरपतारी ६ | ३०००/- | जुगेश्वर यादव | |
| ३ | २०७७/०४/०१ | आगलागी | कल्याणपुर १ | ३०००/- | रामकुमारी साह | |
| ४ | २०७७/०४/०१ | आगलागी | लहान २२ | ३०००/- | विष मोहन यादव | |
| ५ | २०७७/०४/०७ | आगलागी | सिरहा १६ | ३०००/- | धनेश्वर | |
| ६ | २०७७/०४/०९ | बाडी तथा डुबान | धनगढीमाई ११ | ३०००/- | देवनाथ यादव | |
| ७ | २०७७/०४/०९ | बाडी तथा डुबान | बरियारपट्टी ४ | ३०००/- | रिताइ यादव | |
| ८ | २०७७/०४/१३ | आगलागी | अर्नमा ५ | ३०००/- | उमेसकुमार यादव | |
| ९ | २०७७/०४/१६ | आगलागी | कर्जन्हा ४ | ३०००/- | उमा तामाङ | |
| १० | २०७७/०४/२१ | बाडी तथा डुबान | धनगढीमाई १४ | ३०००/- | यत्न बहादुर राना | |
| ११ | २०७७/०४/२१ | बाडी तथा डुबान | गोलबजार ६ | ३०००/- | अरुण कुमार लामा | |
| १२ | २०७७/०५/०७ | बाडी तथा डुबान | सुखिपुर ८ | ५०००/- | बेचन चौधरी | |
| १३ | २०७७/०६/०४ | अग्नी पिडित | बरियारपट्टी ३ | ५०००/- | राम सुफल यादव | |
| १४ | २०७७/०६/११ | अग्नी पिडित | बरियारपट्टी ३ | १००००/- | विकाउ यादव | |
| १५ | २०७७/०६/१३ | बाडी तथा डुबान | कल्याणपुर १ | ५०००/- | राम जिवन मण्डल | |
| १६ | २०७७/०६/२२ | बाडी तथा डुबान | लहान २३ | ५०००/- | विना देवि साह | |
| १७ | २०७७/०८/१० | अग्नी पिडित | कल्याणपुर-८ | ५०००/- | संजय साह | |
| १८ | २०७८/०८/१६ | अग्नी पिडित | भगवानपुर-१ | ५०००/ | शिव प्रसाद साह | |

प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १९ | २०७८/०८/१६ | अग्नी पिडित | भगवानपुर-१ | ५०००/ | पशुपति साह | |
| २० | २०७८/०९/०७ | अग्नी पिडित | अर्नामा -२ | ५०००/ | घनश्याम महतो | |
| २१ | २०७७/०९/०७ | अग्नी पिडित | अर्नामा -२ | ५०००/ | शसीकपुर महतो | |
| २२ | २०७७/०९/१४ | अग्नी पिडित | सुखिपुर -७ | ५०००/ | विरीलाल महतो | |
| २३ | २०७७/१०/२१ | अग्नी पिडित | मिर्चैया-७ | २,००,०००/ | मो. रफिक राईन | मृतक जाविर राईन |
| २४ | २०७७/१०/२१ | अग्नी पिडित | मिर्चैया-९ | ५०००/ | वेद माया सुनुवार | |
| २५ | २०७७/१०/२१ | अग्नी पिडित | वरियारपट्टि-५ | ५०००/ | शिवराम महरा | |
| २६ | २०७७/११/०२ | अग्नी पिडित | सिरहा-१० | ५०००/ | राजलाल मलाहा | |
| २७ | २०७७/११/०३ | अग्नी पिडित | लक्ष्मीपुरपतारी-४ | ५०००/ | शिव कुमार साह तेली | |
| २८ | २०७७/११/०५ | अग्नी पिडित | औरही-२ | ५०००/ | राजेश यादव | |
| २९ | २०७७/११/०९ | अग्नी पिडित | धनगढीमाई -१२ | ५०००/ | रतन देवी यादव | |
| ३० | २०७७/११/२० | ट्र्याक्टर दुर्घटना | सिरहा-१४ | ५०००/ | झेना देवी सदा | |
| ३१ | २०७७/११/२३ | अग्नी पिडित | लहान-१ | ५०००/ | महिन्द्र प्रसाद गिरी | |
| ३२ | २०७७/११/२५ | हात्ती पिडित | लहान-१५ | ५०००/ | राम उदगार यादव | |
| ३३ | २०७७/१२/०२ | अग्नी पिडित | विष्णुपुर-१ | ५०००/ | विनोद कुमार यादव | |
| ३४ | २०७७/१२/१२ | अग्नी पिडित | नरहा-५ | ५०००/ | श्याम यादव | |
| ३५ | २०७७/१२/१३ | अग्नी पिडित | सखुवानन्कारकट्टी-२ | ५०००/ | राम कुमार मुखिया | |
| ३६ | २०७७/१२/१३ | अग्नी पिडित | सखुवानन्कारकट्टी-२ | ५०००/ | रामचन्द्र मलाहा | |
| ३७ | २०७७/१२/१० | अग्नी पिडित | नवराजपुर-१ | ५०००/ | नागेन्द्र प्रसाद यादव | |
| ३८ | २०७७/१२/१८ | अग्नी पिडित | सिरहा -११ | ५०००/ | छेदु कामती | |
| ३९ | २०७७/१२/२७ | अग्नी पिडित | सिरहा-६ | ५०००/ | दुखिया महरा | |
| ४० | २०७८/०१/१५ | अग्नी पिडित | कर्जन्हा-३ | २,००,०००/- | लोचनी वति कोईरीनी | मृतक राम दुलार महतो |
| ४१ | २०७८/०१/१६ | अग्नी पिडित | लक्ष्मिपुरपतारी-२ | १०,०००/- | लछुराम साह | |
| ४२ | २०७८/०१/१६ | अग्नी पिडित | लक्ष्मिपुरपतारी | १०,०००/ | लाले साह | |
| ४३ | २०७८/०१/१६ | अग्नी पिडित | लक्ष्मिपुरपतारी | १०,०००/ | धिरेन्द्र साह | |
| ४४ | २०७८/०१/१६ | अग्नी पिडित | लक्ष्मिपुरपतारी | १०,०००/ | विरेन्द्र साह | |
| ४५ | २०७८/०१/१६ | अग्नी पिडित | लक्ष्मिपुरपतारी | १०,०००/ | आनन्द साह | |

प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४६ | २०७८/०१/१६ | अग्नी पिडित | लक्ष्मिपुरपतारी | १०,०००/ | राम लोचन साह | |
| ४७ | २०७८/०२/२४ | अग्नि पिडित | लहान-१७ | ५,०००/- | हिरालाल राम | |
| जम्मा | | | | ७,६१,०००/- | | |

आर्थिक वर्ष २०७७/०७८ को राहत वितरणतर्फको आम्दानी आल्या समेत गरी रु. ९७,११,०४१।५४ तथा हाल सम्मको खर्च रु. ९,७०,२७०/- रहेको।

ख) जिल्ला विपद् व्यवस्थापन समितिको कोषमा उद्धार सामाग्री खरिद गर्न प्राप्त छुट्टै रकम :

विपद् व्यवस्थापन सामाग्री खरिद गर्न नेपाल सरकारबाट रु.१८,६३,५००/- र प्रदेश सरकारबाट रु.१०,००,०००/- गरी कुल रु. २८,६३,५००/- मध्ये नेपाल सरकारबाट प्राप्त रु. १८,६३,५०० मध्येबाट रु. १५,९७,१४२/- को विपद् उद्धार सामाग्री खरिद गरी सुरक्षा निकायमा हस्तान्तरण समेत भै सकेको अव उद्धार सामाग्री खरिद गर्न नेपाल सरकारको रु.२,६६,३५८/- र प्रदेश सरकारको रु.१०,००,०००/- गरी जम्मा रु. १२,६६,३५८/- वचत रहेकोमा आवश्यक्ता अनुरुप उद्धार सामाग्री खरिद गर्ने।

६. सिचुएसन सेन्टरकोलागि विपद् कोषबाट खर्च भएको रु.२,०९,२७०/- रकम कोभिड कोषबाट शोध भर्ना गर्ने।

७. डुवानको समयमा उद्धार गर्न सुरक्षाकर्मीलाई पूर्व अभ्यास गराई तयारी अवस्थामा राख्ने।

८. नदीजन्य खानीजन्य पदार्थ स्वीकृती नलिई वा प्रचलित मापदण्ड विपरित उत्खन्न गर्न नदिने।
इटा भट्टा समेतका स्थानमा खनिएका स्थानका खाल्डा खुल्टी तुरुन्त पुरी मानवीय क्षती हुन नदिन स्थानीय तह मार्फत कार्यान्वयन गर्ने गराउने र यस विषयमा नियमन गर्ने।

प्रमुख जिल्ला अधिकारी